यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०७/२०८०-०८१ मिति २०८०/१०/२९ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

## संवत् २०८० साल माघ २९ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | आर्थिक विकास शाखा | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४१ बमोजिमको खर्च सीमा भित्र रहि यस गाउँपालिकामा स्थानीय आर्थिक विकास कार्यक्रम संचालन गर्ने र कार्यक्रमको कार्यान्वयन, व्यवस्थापन, प्रस्तावित परियोजनाको मूल्यांकन गर्न नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ५३ बमोजिम छ सदस्यीय प्राविधिक समिति गठन गर्ने । |
| २. | कृषि विकास शाखा | चालु आर्थिक वर्षका लागि प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गतको मसला बाली पकेट क्षेत्र प्रवर्द्धन (अपिहिमाल गाउँपालिका भरी) कार्यक्रम सबै वडाहरूमा गर्न गाउँपालिकाको कृषि विकास शाखालाई निर्देशन तथा स्वीकृति दिने । |
| ३. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन १० शैया अस्पताल (ठेक्का नं. AHRM/NCB/08/077-078) को निर्माणकर्ता स्वार/एसोसिएट/रन्जितकार जे.भि. धनगढी कैलालीले निर्माण कार्यको समयावधि (म्याद थप) सम्बन्धी निवेदन पेश गरेको हुँदा सो ठेक्काको समयावधि (म्याद) संवत २०८० पुस मसान्त देखि लागू हुने गरी संवत २०८१ साल असार मसान्त सम्म म्याद थप गर्ने । |
| ४. | रोजगार सेवा केन्द्र | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम अपिहिमाल गाउँपालिकाको रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने र सोही कार्यविधिको दफा ३ बमोजिम नौ सदस्यीय रोजगार संवाद मञ्च गठन गर्ने । |
| ५. | योजना तथा अनुगमन शाखा | गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने र प्रतिवेदनमा समावेश भएका सुझावहरूको कार्यान्वयन गर्ने । |
| ६. | शिक्षा यूवा तथा खेलकूद शाखा | शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको च.नं. ११ मिति २०८०।१०।०९ गतेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरूले पेश गरेका प्रस्तावहरू मध्ये देहायका विद्यालय छनौट गर्ने।<br>(क) चार कोठे भवन : श्री भवानी माध्यमिक विद्यालय, सौगन्ना, दार्चुला ।<br>(ख) सूचना प्रविधि प्रयोगशाला : श्री तामाखानी भगवती आधारभूत विद्यालय, चौविसन, दार्चुला।<br>(ग) विज्ञान प्रयोगशाला : (१) श्री खण्डेश्वरी माध्यमिक विद्यालय, क्षेत्ती, दार्चुला ।<br>(२) श्री सरस्वती आधारभूत विद्यालय, मरखोला, दार्चुला ।<br>(घ) पुस्तकालय व्यवस्थापन : श्री छिपुल केदार माध्यमिक विद्यालय धंकं, दार्चुला । |
| ७. | स्वास्थ्य/कृषि/पशुपंछी/सबै वडा कार्यालय | सबै वडाहरूमा स्वास्थ्य, कृषि तथा पशुपंछि लगाएतका सेवाहरूलाई नागरिकको घरदैलोमा पुर्‍याउन एकिकृत घुम्ती शिविर संचालन गर्ने र उक्त शिविरको संवत २०८० साल फागुन ४ गते वडा नं. ४ मा उदघाटन गर्ने, वडाका टोल बस्तीमा हुने शिविरमा सो वडाका जनप्रतिनिधिहरूको अनिवार्य उपस्थिति गराउन सम्बन्धित वडाले आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने । |

| | | |
|---|---|---|
| ८. | पशुपंछी सेवा केन्द्र | चालु आर्थिक वर्षका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान अन्तरगत पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम सुदूरपश्चिम प्रदेश सरकारको शसर्त अनुदान कार्यान्वयन कार्यविधि बमोजिम कार्यान्वयन गर्न गाउँपालिकाको पशुपंछि सेवा इकाईलाई निर्देशन तथा स्वीकृति दिने। |
| ९. | आर्थिक प्रशासन/योजना/ प्रशासन/सूचना प्रविधि शाखा | आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि मध्यमकालिन खर्च संरचनाको मस्यौदा गर्न गाउँपालिकाको कार्यालयलाई स्वीकृति दिने । |
| १०. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.६ स्थित छिपुलकेदार आधारभूत विद्यालय धंकको विद्यालय भवन पछाडि वर्षादको समयमा पहिरो गई भत्किएको र विद्यालय भवनलाई थप क्षेति हुन नदिन वाल लगाइएको हुँदा उक्त वालको निर्माण गर्दा भएको खर्चको भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृत दिने । |
| ११. | प्रशासन शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत विभिन्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव माथि छलफल गर्दा उक्त सुझावको पूर्ण कार्यान्वयन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने । |
| १२. | आर्थिक प्रशासन शाखा | वडा नं. ३ मा अवस्थित निशान छहडा खोलामा क्षेत्ती जात्राको समयमा वीरे जान आउन बनेको काठे पुल जिर्ण बनि यात्रा गर्न जोखिम भएको हुँदा सो पुलको मर्मतका लागि भएको खर्च भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| १३. | पंजिकरण/ आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं. ३ बस्ने एकल महिला श्री धनुरा कार्की (परिचयपत्र नं. २०२२०११११००५१२) को सामजिक सुरक्षा भत्ता नविकरण गर्न छुटेकाले निजको पहिलो र दोस्रो त्रैमासिकको (साउन देखि माघ सम्मको) छुट हुन गएको रकम भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन र स्वीकृति दिने। |
| १४. | प्रशासन शाखा | यस गाउँपालिकाको खण्डेश्वरी डिपो र घुसा विक्र केन्द्रका लागि उपलब्ध गराइने चामलको कोटा सकिएको र थप चामलको आवश्यकता भएको हुँदा खण्डेश्वरी डिपोलाई २००० क्युण्टल र घुसा विक्रि केन्द्र २००० क्युण्टल गरी जम्मा ४००० क्युण्टल परिणाममा थप चामलको उपलब्धताका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने । |
| १५. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालयमा वडाबाट सिफारिस सहित आर्थिक सहायताका लागि पेश भएका निवेदनहरु उपर छलफल गरी अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम लाभग्राहीहरुलाई नगद आर्थिक सहायता तथा राहत उपलब्ध गराउने । |

रविन्द्र सिंह बोहरा

प्र...

अपिहिमाल गाउँ कार्यपालिका